
# परिवर्तनका लागि कार्यरत महिला समूह(वाच)
# र
# बन्दी सहायता नियोग(पाम)



## जाजरकोट भूकम्प प्रभावित परिवारलाई राहात वितरण कार्यक्रम प्रतिबेदन
## २०८० पौष १६ देखि २० सम्म







# परिवर्तनका लागि कार्यरत महिला समूह(वाच) र बन्दी सहायता नियोग(पाम) काठमाण्डौ

# जाजरकोट भूकम्प प्रभावित महिलाहरुलाई राहात सहयोग प्रतिबेदन

## जाजरकोट फिल्ड भ्रमण अवधि २०८० पौष १६ देखि २० सम्म.

**पृष्ठभूमि,**

जाजरकोट जिल्लामा मिति २०८० साल कार्तिक १७ मा जाजरकोटको बारेकोट गांउपालिका को रामीडाडा केन्द्र विन्दु बनाई गएको भूकम्प बाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउने सन्दर्भमा जिएलएस जर्मन बाट प्राप्त भएको सहयोग लाई भूकम्प प्रभावित परिवार सम्म पुऱ्याउने क्रममा बन्दी सहायता नियोग (पाम) र परिवर्तनका लागि कार्यरत महिला समूह(वाच) को संयूक्त प्रयासमा जाजरकोट जिल्लाको जुनीचादे गांउपालिका वार्ड नं ५ मा राहात वितरण गर्ने काम गरिएको छ यस प्रतिबेदनमा राहात वितरण सम्बन्धमा गरिएको कामहरुको विष्तृत विवरण उल्लेख गर्ने प्रयास गरिएको छ ।



जाजरकोट जिल्लाको पश्चिम उत्तरमा अवस्थित जुनीचादे गांउपालिका साविक मजकोट, दह, कोर्ताङ्ग र गर्खाकोट गाउ विकास समिति समाहित गरेर नेपाल सरकारले २०७३ साल फागुन २७ गतेका दिन जुनीचादे गांउ पालिका घोषणा गरी ११ वटा वडामा विभाजन गरीएको हो । पूर्वमा कुशे गांउपालिका पश्चिममा दैलेख जिल्ला उत्तरमा कालिकोट र जुम्ला जिल्ला दक्षिणमा छेडागाड नगरपालिकाको विचमा अवस्थित प्राकृतीक सम्पदाले भरीपूर्ण जुनीचादे गांउपालिकाको क्षेत्रफल ३४६.२१ बर्ग किलोमिटर रहेको छ । जनगणणा २०७८ अनुसार यस गांउपालिकाको जनसंख्या २३७७१ रहेको छ । जल जंगल, जडिबुटि कृषि जलश्रोत रत्न पथ्थर जस्था प्रचुर संम्भावना बोकेको यस जुनीचादे गांउपालिकाको भौगोलिक विकटताको कारण अलि पछाडि परेको छ। रोग भोक गरिवि र भौगोलिक विकटताबाट ग्रसित जुनीचादे गांउपालिकाको मूख्य पेशा परम्परागत कृषि प्रणालीनै रहेको छ ।

**जनगणणा २०७८ अनसार जुनीचादे गांउपालिकाको जनसंख्या विवरण**

| वार्ड नं | महिला | पुरुष | अन्य | जम्मा | |
|---|---|---|---|---|---|
| १. | १२२० | ११४८ | - | २३६८ | |
| २. | १२६४ | १२२७ | - | २४९१ | |
| ३. | ८२३ | ७७८ | - | १६०१ | |
| ४. | ८४२ | ८४७ | - | १६८९ | |
| ५. | १८१८ | १६७६ | - | ३११४ | राहात वितरण गरिएको वार्ड |
| ६. | १४३२ | १४३० | - | २८६२ | |
| ७. | ४९१ | ५३२ | - | १०२३ | |
| ८. | ९९९ | ९५९ | - | १९५८ | |
| ९. | १३४५ | १३७५ | - | २७२० | |
| १० | ७७० | ८१३ | - | १५८३ | |
| ११. | ११३२ | ११५० | - | २२८२ | |
| जम्मा | ११९३६ | ११८३५ | - | २३७७१ | |

............................................Google search गरी साभार गरिएको हो ।

**वार्डको आफ्नै पहलमा गरिएको जनसंख्याको विवरण**

यस जुनीचादे गांउपालिका वार्ड नं ५ ले २०८० कार्तिक १७ गते गएको भूकम्प पछि भने वार्डको पहलमा वार्ड नं ५ मा बसोबास गरिरहेको समुदायको जनसंख्या विवरण लिएको जानकारी प्राप्त भएको छ। वार्ड कार्यालयले दिएको विवरण अनुसार यस वार्डमा महिला २४०० जना र पुरुष २३०० जना भएको जानकारी भयो । जुन जनगणणा २०७८ अनुसार महिला ५८२ र पुरुष ६२४ बढि भएको देखिएको छ ।

**राहात वितरणको लागि समन्वय**

जाजरकोट जिल्ला दुबै संस्थाको लागि नयां ठांउ भएकोले गर्दा के कसरी राहात सम्बन्धित ठांउको भूकम्प प्रभावितहरुको हातसम्म पुऱ्याउने भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, जुनीचादे गांउपालिका वार्ड न. ५ का वार्ड अध्यक्ष संग त्यहाका स्थानिय तथा Kathmandu Training Center(KTC.) का विद्यार्थि ( वाच, कार्य समिति सदस्य पद्यमा शाक्य मार्फत) गणेश बहादुर चदार संग समन्वय गर्ने काम गरिएको थियो ।

समन्वयकै क्रममा जाजरकोट जिल्ला प्रशासन कार्यालयमा प्रमूख जिल्ला अधिकारी संग छलफल गरियो छलफलको क्रममा राहातको सामाग्रि वितरण गर्न र नगद वितरण गर्दै नगर्न सुझाब आएको थियो नगद वितरण

गर्दा खतरा हुन्छ ब्यबस्थापन गर्न कठिन हुने कुरा बताउनुभएको थियो तर हामिले नगद वितरण गर्ने योजना अनुसार जाजरकोट गएको हुनाले प्रमूख जिल्ला अधिकारीको सल्लाहा लाई के गर्ने भन्ने बारेमा पुन वाचमा सम्पर्क गरिएको थियो । यसरीनै काठमाण्डौ बाट हिड्दा नलगाड गांउपालिकाको वार्ड नं १ र २ मा जाने भन्ने योजना भएता पनि हामिलाई जुनीचादे गांउपालिकामा जानको लागि जिल्ला प्रमूख अधिकारीले सुझाए पछि गणेश बहादुर चदारा मार्फत जुनीचादे गांउपालिका वार्ड नं ५ का वार्ड अध्यक्ष जय बहादुर बस्नेत लाई सम्पर्क गरियो र राहात वितरणको ब्यबस्थापन वार्डले गर्ने र कुनैपनि विवाद रहित बनाउने अश्वाशन पछि जुनीचादे वार्ड नं ५ मा जाजरकोट खलंगा सदरमूकाम बाट गणेश बहादुर चदारा सहित हिडियो ।

कच्चि सानो बाटोहुदै जांदा बेलुकि ७ बजे तिर जुनीचादे वार्ड नं ५ को मोटेलामा पुगेर बार बस्ने र त्यहाका स्थानिय मानिसहरु संग भूकम्पले पुऱ्याएको क्षति, खेतीपाती, आर्थिक अबस्था, सामाजिक अबस्था, विद्यालयको अबस्था,आदि बारेमा छलफल तथा जानकारी लिने कार्य गरिएको थियो ।

**<u>राहात वितरण सम्बन्धमा वार्ड कार्यालयमा बैठक</u>**

जुनीचादे वार्ड नं ५ को वार्डका वार्ड अध्यक्ष लगायत वार्डका सम्पूर्ण प्रतिनिधिहरु, कर्मचारी सहितको बैठक बस्ने काम गरीएको थियो । बैठकमा मूख्य गरेर पहिला पाएका र राहात दिनु पर्ने तर नपाएका राहात उपलब्ध नगराई नहुने महिला, अपाङ्ग, एकल महिला, गरिब र दलित को को रहेका छन भन्ने सवालमा रहेको थियो यसै बैठकको क्रममानै दुबै सस्थाको परिचय दिने र संस्थाको ब्रुसरहरु पनि वितरण गरिएको थियो । राहात वितरण गर्दा महिला स्वंयं उपस्थित हुनु पर्ने र महिलाहरुलाईनै राहात रकम हातमा राखिदिने र बुझिलिएको भर्पाई गर्नु पर्ने कुरामा पनि स्पष्ठ पारीएको थियो यसै अनुरुप वार्डका सबै प्रतिनिधिहरुले एकदमै राम्रो संग छलफल गरी राहात वितरणको लागि तयार गरिएको लिष्टलाई अन्तिम रुप दिने काम पनि भएको थियो ।

**<u>संस्थाको परिचय</u>**

राहात वितरण गर्नु भन्दा पहिला उपस्थित भएका महिलाहरु तथा केहि पुरुषहरुलाई राहात कुन संस्था बाट आएको हो भन्ने बारेमा बन्दी सहायता नियोग (पाम) र परिवर्तनका लागि कार्यरत महिला समूह(वाच)को बारेमा जानकारी दिने काम गरिएको थियो । जानकारी दिने क्रममा वाच तथा पामको ब्रुसर वितरण गरिएको थियो यसरी जानकारी दिने क्रममा महिलाहरुको संस्था र कैदि बन्दीहरुको बालबालिकाहरुको संरक्षण गर्दै उनिहरुको पठन पाठन, खेलकुद बसोवास आदि बारेमा निकैनै चासो लिएर सुनिरहेका थिए तर उनिहरुको लोकल भाषामानै बोल्न नसकेकोले कतिले बुझे, कतिले बुझेनन कतिले सम्झिएलान खै !

**<u>राहात वितरण</u>**

जाजरकोट जिल्ला जुनीचादे गांउपालिका वार्ड नं ५ मा जम्मा २१५ जना लाई राहात वितरण गरिएको छ । स्थानिय तथा वार्ड प्रतिनिधिहरुको रोहवरमा वार्ड अध्यक्षको हात बाट भूकम्प प्रभावित महिलालाई प्रति परिवार रु. ३०००(तीनहजार) का दरले जम्मा रु. ६,४५,००० (छ लाख पैतालिस हजार रुपैयां) वितरण भएको छ । राहात वितरणको क्रममा वार्ड नं ५ ठूलो वार्ड भएकोले गर्दा र हिडेर वार्ड कार्यालय सम्म जानको लागि ३ घण्टा सम्म लाग्ने अबस्था स्थानिय समुदाय र वार्ड प्रतिनिधिहरु वाट जानकारी आए पछि मोटेला र वार्ड कार्यालय गरी दुई ठांउ लाई केन्द्र बनाई राहात वितरण गरियो ।

**<u>स्थानियहरु संग छलफल गर्दा र परिबेश नियाल्दा जे जस्तो देखियो</u>**.........................

## स्थानिय बासिन्दाहरु संग छलफल

हामि जब जाजरकोट जुनीचादे गांउपालिका वार्ड नं ५ मा पुग्यौं त्यहा वार्ड अध्यक्षले बस्नको लागि मान बहादुर बस्नेतको घरमा बस्ने ब्यबस्था मिलाएको थियो । बास बस्ने ठांउमा वरीपरीका बासिन्दाहरु संग छलफल गर्ने काम गरियो मूख्यतया भूकम्पले पारेको असरको बारेमा छलफल भएको भएता पनि अन्य विभिन्न विषयहरुमा छलफल गरियो र त्यस वार्डको बारेमा जानकारी लिने प्रयासहरु गरिएको थियो ।

## भूकम्प प्रभावित परिवार संख्या

यस जुनीचादे गांउपालिका वार्ड नं ५ मा जम्मा ७३५ परिवार भूकम्प प्रभावित भएको कुरा जानकारीमा आएको छ । घरहरु सबै नभत्किएको भएता पनि बस्न असुरीक्षत रहेको छ । भत्किएको घरका मानिसहरु केहि समय बाहिर टहरो छाप्रो बनाएर बसेको भएता पनि जाडो र चिसोको कारणले गर्दा बाध्यताबश कतिपय परिवार त्यसै घरमा बस्न लागेका पनि पाईयो । खतरा छ भन्ने उनीहरुलाई थाहा छ तर बाध्यताले गर्दा खतरा मोलेर भए पनि बस्न बाध्य रहेका छन् ।

## टहरो निर्माणको योजना

यस वार्डमा हाल ७३५ वटा अस्थायि टहरा निर्माणको लागि आबश्यक प्रक्रियाको थालनी भएका छन सम्झौता गर्ने, बैक खाता खोल्ने जस्ता कामको वार्ड बाट थालनी भै सकेको पाईयो । एक टहरा लाई रु. ५०,०००(पचास हजार) सहयोग गर्ने र पहिलो किस्तामा रु. २५०००(पच्चिस हजार) र टहरो तयार भए पछि रु. २५०००(पच्चिस हजार) उपलब्ध गराउने योजना रहेको जानकारी पाईयो ।

## विद्युत सेवा

यस वार्डमा विद्युत सेवा पुग्न सकेको छैन तर विद्युत सेवा पुऱ्याउनको लागि पोलहरु गाड्ने र तारहरु टाङने काम भने हुदै गरेको देख्न सकिन्थ्यो । विद्युत सेवा नभएको कारणले गर्दा केहि हुनेखाने परिवारहरुमा सोलार सिष्टमका बत्तिहरु बालेका थिए भने अन्यले अहिले पनि झरो, दियालो आदि बाल्ने र जीवन निर्वाह गर्ने गरेका छन् ।

## जातिय विभेद

यस वार्डमा जानकारीमा आएसम्म दलितहरुको बाहुल्यता रहेको छ तर यहां जातिय विभेद, जातिको नाममा शोषण, छुवाछुत आदि रहिरहेकै छ । मूख्य गरेर यस वार्डमा दलित, ठकुरी क्षेत्री को बसोबास रहेको जानकारी पाईयो । ठकुरीहरुमा राजाको सन्तान र राजा साब हुं भन्ने भावना अहिले पनि यथावत देखिएको थियो भने दलित हरु हामि दलित हौ हामिले सेवा गर्नु पर्दछ भन्ने भावना हटेको छैन । ठकुरीकोमा काम गर्न जाने उनिहरुले दिएको केहि अन्न पातमा रमाउने प्रचलन अहिले पनि यथावत रहेको पाईयो ।

## छाउपडि प्रथा

यस वार्डका स्थानिय मानिसहरु संग छलफल हुंदा छाउपडि प्रथा बारेमा पनि कुराकानी गरिएको थियो । यस वार्डमा छाउपडि गोठ नभएता पनि मानिसहरुको ब्यबहारमा सोचमा खासै फरक नआएको कुरा छलफलमा नै देखिएको थियो । नुहाउने ठांउ, लुगा सुकाउने ठांउ कसैले नदेख्ने ठांउमा गर्नुपर्ने, खानपिन तथा सरसफाईमा ध्यान नदिने अछुतको ब्यबहार गर्ने परम्परा कायमै रहेको पाईयो ।

**खेतीपाती**

यस वार्डमा परम्परागत खेती प्रणाली कायमै रहेको पाईयो । कुनै कृषि प्रविधिले यस वार्डलाई छुएको देखिदैन परम्परागत रुपमा लगाई आएको मकै, गहु, कोदो मुख्य बालीको रुपमा लगाएको पाईयो । वार्डमा जम्मा एक जनालेमात्र किवि लगाएको र सुन्तला लगाएको कुरा सुनियो तर त्यांहा पुग्न सकिएन । खेतीपातीमा खासै परिवर्तन आएको छैन निर्वाहामूखी खेती, निर्वाहामूखी पशुपालन मात्र देखिन्छ कुनै आम्दानीको श्रोत खेतीपाती बन्न सकेको छैन । गांउमा हेर्दा तरकारी खेतीगरेको देखिदैन थियो खानको लागि पनि बारीमा तरकारी लगाएको पाईदैन देखिदैन ।

**बजारको ब्यबस्था**

जुनीचादे गांउपालिका वार्ड नं ५ मोटर बाटोले छोएकोछ (कच्चि) खलंगा बाट जिपमा ३ घण्टाको यात्रामा पुगिन्छ । यस गांउको नजिकको बजार भनेको करिब १ घण्टा टाढा हिडेर गए पछि राहादेउ भन्ने सानो ५/६ घर भएको बजारमा पुगिन्छ भने करिब ३ घण्टा हिडाई पछि भने थलह बजार सम्म पुग्ने रहेछ ।

**वार्डमा संघसस्थाहरु**

यस वार्डमा कुनै पनि संघ सस्थाले काम गरेको पाईएन एक जना हाल जिल्ला समन्वय समितिका सदस्यको भनाई अनुसार जाजरकोटको २९ वटा गाविस मध्य २८ वटा गाविसमा मिसन नेपालले काम गरेको तर गर्खाकोट गाविस हाल वार्ड नं ५ मा काम नगरेको, मिसनलाई गाविस अध्यक्षले काम गर्न नदिएको कुरा बताउनुभएको थियो । भूकम्प पछि भने राहात वितरण गर्नको लागि भने विभिन्न संघ सस्थाहरु आएका र राहात वितरण गर्दै जादै गरेको अबस्था पाईयो । कतिपय दाताहरु ब्यत्तिगतरुपमा गएका र वितरण गर्ने गरेको कतिपयले सामानको पोको पठाई दिने गरेको अबस्था पनि छ ।

**रोजगारीको अबस्था**

यस वार्डका मानिसहरु रोजगारीको लागि भारतमा जाने गरेको पाईयो । भारतमा जाने ज्याला मजदुरी गर्ने र घर ब्यबहार चलाउने गरेको अबस्था रहेको छ भने अन्य मूलुकमा नगन्यमात्रामा गएको जानकारी पाईएको थियो । आम्दानीका श्रोतहरु केहि नभएको र अन्य मुलुकमा जानको लागि पनि पैसा धेरै लाग्ने तर भारतमा जानको लागि गाडिभाडा र बाटोमा खानपिनको लागि भए हुने अबस्था भएकोले गर्दा पनि मानिसहरु बाध्यताबश भारत लाई रोजगारीको प्रमुख स्थान बनाईरहेका छन् ।

**महिलाहरुको उपस्थिती र उनिहरुको अवस्था**

यस वार्डमा राहात वितरण गर्ने क्रममा महिलाको हातैमा राहात दिने हाम्रो प्रक्रिया अनुरुप महिलाहरुको राम्रो उपस्थिती देखिएको थियो । सायद राहात पाउनको लागि छानिएको महिला नै आउनु पर्ने यदि महिला नआए नपाईने भएकोले गर्दा पनि हुन सक्छ ।

राहात लिनको लागि उपस्थित भएका अधिकांश महिलाहरुको चेतनास्तर एकदम कमजोर थियो । उनीहरु कतिपय त पुरुषलाई साथमा लिएर आएका पनि थिए, कमजोर शारिरीक अबस्था, ब्यत्तिगत सरसफाई लाई कुनै वास्ता नगरेको र सायद समय दिन नपाएका जस्ता देखिन्थ्यो । घरको काम, बालबालिका जन्माउने र स्याहार सुसारको कामले लखतरान र हैरान भएका, पोषिलो खानेकुराको अभावले थकित महिलाहरुको अनुहार राहात वितरणमा प्रष्ठ झल्किरहेको थियो ।

भौगोलिक विकटता, विकृत सामाजिक परम्परा, कुपोषण, शोषण दमन जातिय भेदभाव आर्थिक अभाव घरका अनुत्पादक कामहरु, अवसरको अभाव जस्ता अबस्थाले यहांका समुदाय थकित छन् भने महिलाहरु त झन यस बाट अलग रहने कुरै भएन निकैनै दयनिय अबस्थामा यहांका मानिसहरु गुजारा गरीरहेका छन् ।

**जाजरकोट राहात वितरण कार्यक्रम तथा जुनिचादे गांउपालिकामा भ्रमण गर्दाका अनुभव तथा लागेका केहि सूझाबहरु**

**१.** राहात कार्यक्रम एकदम शान्तिपूर्ण तरिकाले वार्डको राम्रो सहयोग र समन्वयमा सम्पन्न भयो जुनिचादे गांउपालिका वार्ड नं ५ का वार्डको टिमनै एकदमै सकरात्मक देखिएको छ यसको लागि वार्डका टिमलाई धन्यवाद । यस वार्ड बाट भविष्यमा कुनै कार्यक्रम गर्नु परेमा आबश्यक सम्पुर्ण सहयोग गर्ने बचन प्राप्त भएको छ ।

२. राहात वितरण गर्ने भन्ने भएको तर जाजरकोटको पालिकाहरुको बारेमा त्यति धेरै जानकारी लिन नसकिएको कारणले गर्दा केहि अलमल भयो हाम्रो तयारीमा केहि कमि भयो भन्ने लागेको छ ।

**३.** अलमल भएको भएता पनि नगदै राहात दिईने भएकोले गर्दा निकैनै सहज तथा सजिलो भएको र राहात प्राप्त गर्ने परिवारहरु पनि खुसि भएका छन् । नगद राहातले गर्दा उनिहरुको साच्चिकै आफ्नो आबश्यत्ता अनुसार आफ्नो निर्णयमा खर्चिन पाए सामाग्रिहरु राहातमा लगिदिंदा खाए खा नखाए घिच भने जस्तो भएको पनि स्थानियले सुनाएका थिए ।

४. वाचले काम गर्नु पर्ने उपर्यूत्त स्थान तुलनात्मक रुपमा जाजरकोट र जाजरकोटको पनि जुनिचादे गांउपालिका र त्यसको पनि ५ नं वार्ड र अन्य २ वटा वार्ड हरु छन् जुन वार्डमा जान हिडेर जानु पर्ने रहेछ

**५.** जुनीचादे गांउपालिका वार्ड नं ५ मा सामाजिक, आर्थिक, विकृत परम्परा, परम्परागत खेती प्रणाली आदि हेर्दा वाचले काम गर्ने प्राथामित्ताको थलो बनाउनु पर्ने अबस्था देखिन्छ ।

६. वाचले जुनीचादे गांउपालिकामा महिलाको सवालमा, दलितको सवालमा, स्वास्थ्यको क्षेत्रमा, कृषिको क्षेत्रमा चेतनामूलक तथा आयमूलक कामहरु र अन्य विभिन्न क्षेत्रमा काम गर्न सकिने देखिन्छ ।

***अन्त्यमा***

***जाजरकोट, मिति २०८० साल कार्तिक १७ गतेका दिन जाजरकोट रामीडाडा केन्द्र विन्दु बनाई गएको भूकम्पले धनजनको क्षति हुन गएको अबस्थामा बन्दी सहायता नियोग(पाम) र परिवर्तनका लागि कार्यरत महिला समूह ( वाच) काठमाण्डौ ले भूकम्प प्रभावित परिवारलाई राहात उपलब्ध गराउने पहल गर्दै जुनीचादे गांउपालिकाको वार्ड नं ५ मा २१५ जना महिलाहरुलाई प्रति परिवार रु. ३००० का दरले उपलब्ध गराउने कामको लागि अवसर प्रदान गरेकोमा पाम र वाच परिवारलाई हार्दिक धन्यवाद दिन चाहान्छु साथै यस पवित्र कामको लागि शुभ अवसर प्रदान गर्नुभएकोमा पाम का अध्यक्ष साथै वाचका कार्यकारी निर्देशक डा. नारायण काजी श्रेष्ठ राहातमा सघाउने गणेश बहादुर चदारा, जुनीचादे गांउपालिका वार्ड नं ५ का अध्यक्ष लगायत वार्ड टिम, प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस काममा सघाउने सम्पूर्णलाई हार्दिक धन्यवाद ।***

***राहात वितरणका केहि तस्विरहरु***

जुनीचादे गांउपालिका वार्ड नं ५ मोटेला केन्द्र

वाच र पामको परिचय दिदै र वार्ड अध्यक्षले आफ्नो कुरा राख्दै गर्दा






असक्त महिला लाई बसेको ठांउमा राहात उपलब्ध गराउदै वार्ड अध्यक्ष




रहात वितरण








## राहात वितरण वार्ड कार्यालयका तस्विरहरु

*चीसोको कारणले गर्दा निकैनै अप्ठ्यारो पारीरहेकोले गर्दा मानिसहरुलाई बस्न गारो भएको अवस्था...*













राहात वितरण पश्चात एक तस्विर



भूकम्पले चर्किएका र भत्किएका घरहरुको केहि तस्विरहरु




















## सामाजिक संजालमा वार्ड अध्यक्ष र गणेश चदाराको फेसबुक बाटसाभार गरिएको

**Jay Bdr Basnet** is with **Ram Bdr Bk** and **12 others**.
3 d

जुनीचादे गा पा वडा न ५ का भुकम्प पिडित २१५ घर परिवारका महिला दिदीबहिनीलाई नगद प्रती ब्यक्ति रु ३००० का दरले जम्मा ६ लाख पैंतालीस हजार राहत बितरण गरियो । सहयोग गर्नु हुने परिवर्तनका लागि कार्यरत महिला बचत संस्था र बन्दी साहयता नियोग काठमाडौंलाई हार्दिक धन्यवाद छ ।।



**Jay Bdr Basnet**
25 Dec 2023

मिति २०८०/७/१७ गते जाजरकोट रामिडाडा केन्द्र बिन्दु बनाइ बिनाशकारी भुकम्पले जुनीचादे गा पा वडा न ५ मा पनि सम्पूर्ण घरहरु बस्न नलाएक भएकोले पुर्ण क्षेतिमा ७३५ घरहरुको अस्थायी टहरा बनाउन सिफारिस भएको सम्पुर्ण ५ नम्बर वडा बासीलाई जानकारी गर्दछु ।केही दिनमा काम अगाडि बढाउछौ सहयोग गर्नुहुने सबैलाई धन्यवाद छ।

**Ganesh Kumar Chandara** is feeling positive with **Jay Bdr Basnet** and **Chhabindra Shrestha** at **भेरि नगर पालिका जाजरकोट**.
4 d

सर्बप्रथ त परिबर्तन का लागि महिला समूह WATCH. र बन्दी साहायता नियोग काठमाडौ लाई हार्दिक धन्यवाद दिन चाहान्छु। बिनस कारी भुकम्पले धोस्त बनायको जाजरकोट लाई मधेय नजर गर्दै तेसै मा पनी पिछडियको गा,पा जुनिचाँदे वाड नम्बर ५ का निम्न स्तरय यकल महिला ,टुहुरा बालबालीका ,अपा... See more



अन्य केहि तस्विरहरु जसले केहि सूचना दिन सक्छकि....................

*१२ वटा बालबालिकाको बा र आमा............*



*भूकम्प प्रभावित परिवारका वालिका र अबस्था*





*मान बहादुर बस्नेतको बाखा पालन र घर परिवार भान्छामा खाना तयार गर्दै..................*







***विरामीलाई मेडिकलमा उपचार गर्न लैजाने तयारी...............र वाचको गाडिमा विरामी राखिदै.........***






**जाजरकोट जुनीचादे गांउपालिका वार्ड नं ५ मा सम्पर्कको लागि केहि सम्पर्क नं हरु**

| क्र.स. | नाम | संस्था/पद | सम्पर्क नं |
|---|---|---|---|
| १. | सुरेश सुनार | प्रमुख जिल्ला अधिकारी | ९८५८०४७७७७ |
| २. | जय बहादुर बस्नेत | जुनीचादे गांउपालिका वार्ड नं -५ वार्ड अध्यक्ष | ९८६८२२४३६५ |
| ३. | भारती शाह | जुनीचादे गांउपालिका वार्ड नं -५ वार्ड सचिब | ९८६०२०५६४३ |
| ४. | गणेश कुमार चदारा | सामाजिक कार्यकर्ता, जुनीचादे- ५ | ९८६००२६३४१ |
| ५. | भक्त बहादुर बस्नेत | वार्ड कर्मचारी जुनीचादे -५ | |

**राहात वितरण टिम**

छविन्द्र कुमार श्रेष्ठ
लक्ष्मण कुमार श्रेष्ठ
रमेश बहादुर वि.क.

**प्रतिबेदन तयार गर्ने**

**छविन्द्र कुमार श्रेष्ठ**